# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं./Reference No ०६११६२
च.नं./Dispatch No:-

मिति:२०८१।११।२०

## प्रेस विज्ञप्ती

मिति २०८१।११।२० गते यस अर्जुनचौपारी गाउँपालिकाको ४९औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपसिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

निर्णय नं. १ मिति २०८१ फागुन ६ देखि १४ गतेसम्म अर्जुनचौपारी गाउँपालिका-१, नवग्रह धार्मिक वन परिसरमा वैदिक विधिअनुसार नेपालकै पहिलो नवग्रह धार्मिक अनुष्ठान, गीता ज्ञान तथा धार्मिक महोत्सव भव्य र सभ्य रुपमा सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरी अहोरात्र खटिनु हुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, सञ्चारकर्मी, आमा समूह, युवा क्लब, सामुदायिक/संस्थागत विद्यालयका शिक्षक एवं विद्यार्थीहरु, विभिन्न संघसंस्था, सुरक्षा निकाय लगायतका सम्पूर्ण अर्जुनचौपारी गाउँपालिकावासी आमा बुबा, दाजुभाइ, दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद प्रकट गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २ स्थानीय तह क्षमता स्वमूल्याङ्कन LISA मा आर्थिक वर्ष २०८०/०८१ मा ८६ अङ्क प्राप्त गरी जिल्लामा प्रथम स्थान र गण्डकी प्रदेशमा दोस्रो स्थान हासिल गरिएकोमा चालु आर्थिक वर्ष २०८१/०८२ को प्रारम्भिक मूल्याङ्कनमा ९.८ अङ्क प्राप्त भएको त्यसै गरी FRA मा ९.४ अङ्क प्राप्त भएको साथै प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा ६४.३३ अङ्क प्राप्त भएकोमा आगामी आर्थिक वर्षमा पनि उक्त सूचकहरुमा उत्कृष्टता हासिल गर्नका लागि सम्पूर्ण विषयगत शाखाहरुलाई निर्देशन दिने साथै कार्यप्रक्रियामा सक्रीयकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३ अर्जुनचौपारी गाउँपालिकाले सञ्चालन गरेको दुग्ध कटिङ उद्योगलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि अर्जुनचौपारी गाउँपालिकाको दुग्ध कटिङ कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४ अर्जुनचौपारी गाउँपालिकाको नवग्रह कृषि फर्मबाट उत्पादन भएको आलु बिक्री वितरणका लागि हाल प्रति के.जी ४० निर्धारण गर्ने उक्त मूल्यमा पनि बिक्री नभएको आलु कोल्डस्टोरमा राख्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५ अर्जुनचौपारी गाउँपालिकाको १६ औं हिउँदे अधिवेशनबाट पारित भई बजेट विनियोजन भएका योजनाहरु मिति २०८१ मसान्त सम्ममा सम्झौता गरी योजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६ अर्जुनचौपारी गाउँपालिकाले औद्योगिकग्रामभित्र सञ्चालन गरेको दुग्ध कटिङ उद्योगबाट उत्पादन भएका दुग्धको बिक्री वितरण गर्नका लागि दुग्धको दररेट निर्धारण गरी बिक्री वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ७ अर्जुनचौपारी गाउँपालिका वडा नं. १ गह्रौंली खोलामा निर्माणाधीन बोटानिकल पार्क सञ्चालनका लागि बिरुवा सामग्री खरिदका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ८ साविक अर्जुनचौपारी गा.वि.स. वडा नं. २, हाल अर्जुनचौपारी गाउँपालिका वडा नं. १ सिस्नेपानीस्थित आमा समूह भवनमा सञ्चालनमा रहेको आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि चालु आर्थिक वर्ष २०८१/०८२ मा बजेट विनियोजन भएको हुँदा स्वास्थ्य केन्द्र भवन निर्माणका लागि अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी श्री कमलकान्त अर्यालको नाममा कायम कित्ता नं. १७२८ क्षेत्रफल ६-१-३-१ बाट १२ आना जग्गा निशुल्क स्वास्थ्य केन्द्रको नाममा दिन मञ्जुर हुनु भएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसार जग्गा प्राप्तिका लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने साथै जग्गा रजिष्ट्रेशन पास गर्दा लाग्ने राजश्व गाउँपालिकाले व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

"साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी"


9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

प.सं.(Reference No): ०८१।८२
च.नं.(Dispatch No):-

निर्णय नं.९ अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता



9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com


CamScanner